# कर्मचारी सञ्चय कोषबाट घर जग्गा धितोमा आधारित सापटी लिएर किस्ता नियमित नगरेका सञ्चयकर्तालाई किस्ता नियमित गर्ने सम्बन्धी सूचना

( गोरखापत्रमा सूचना प्रकाशित मिति : २०८२ पुस २० गते )

कोषको सञ्चयकर्ता कर्जा विभाग, लगनखेल र कोषका विभिन्न शाखा कार्यालयबाट विभिन्न मितिमा **घर सापटी, शैक्षिक सापटी, घर मर्मत सापटी, सरल सापटी (साबिक सरल चक्र कर्जा)** र **जग्गा खरिद सापटी** लिएका ऋणी सञ्चयकर्ताले आ.ब.२०८२।८३ को **दोस्रो** त्रैमासमा कोषलाई भुक्तानी गर्नुपर्ने किस्ता बापतको रकम मिति २०८२ **पुस** मसान्तभित्र बुझाउनुहुन अनुरोध छ ।

नियमित त्रैमासिक किस्ता भुक्तानी गर्ने ऋणी सञ्चयकर्तालाई कोषले त्रैमास व्याजमा **०.२५ प्रतिशत** ब्याज छुट दिने व्यवस्था रहेको छ । सापटीको किस्ता नियमित नगरेको अवस्थामा कर्मचारी सञ्चय कोष, सञ्चयकर्ता कर्जा असुली विनियम, २०७९ बमोजिम असुली प्रक्रियामा जाने व्यहोरा समेत जानकारी गराइन्छ ।

**कोषमा रकम भुक्तानी गर्ने प्रकृया :**

| | |
|---|---|
| KYC Update गरेका सञ्चयकर्ताले | ➢ Connect IPS Login गरी Semi-Govt (Sansthan) मा Click गरी,<br>➢ Mobile मा कोषको EPF App Download गरी EPF App भित्र रहेको Loan Payment Option मा Click गरी,<br>➢ आफ्नो Bank को Banking App भित्र रहेको Payment मा गई Pension Fund भित्र रहेको कर्मचारी सञ्चय कोषमा Click गरी,<br>➢ कोषको website epf.org.np मा गई individual Login गरी Loan Payment मा Click गरी |
| KYC Update नगरेका सञ्चयकर्ताले | ➢ कोषले तोकेका बैंक खाता मार्फत कोषको खातामा रकम जम्मा गरी loan.recovery@epf.org.np मा उक्त भौचर ईमेल गरी पठाउन सकिनेछ । |

**नोट** : KYC Update नभएका सञ्चयकर्ताले शिघ्र नजिकको कोषको कार्यालयमा स्वंय उपस्थित भई KYC Update गर्नुहुन समेत अनुरोध छ ।

**कर्मचारी सञ्चय कोष**
सञ्चयकर्ता कर्जा विभाग,
असुली महाशाखा, लगनखेल, ललितपुर ।
फोन नं.: ०१-५४२२९४१, ५४२१९९१,
५४२३६६७, ५९७००४१